**पातारासी गाउँपालिकाका अध्यक्ष श्री पूर्णसिंग बोहोरा ज्यूबाट मिति २०८३ असार १० गते १६ औं गाउँसभामा प्रस्तुत बार्षिक नीति तथा कार्यक्रम**

यस सभाका सदस्य ज्यूहरु,

नेपालको संविधान २०७२, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र नियमावली २०७७, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका ऐन नियम बमोजिम दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुग्ने अपेक्षाका साथ लैंगिक उत्तरदायी, गरिवी न्युनिकरण उन्मुख र जलवायु परिवर्तन अनुकूलन, मध्यमकालिन खर्च संरचना समेतलाई मध्यनजर गरी आगामी आ.व. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्न पाउँदा गौरवान्वित महशुस गरेकोछु।

यो गरिमामय सभामा आ व ०८३।०८४ को देहाय बमोजिम ***वार्षिक नीति तथा कार्यक्रम*** प्रस्तुत गर्दछु ।

१. देशमा लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएको विभिन्न जनआन्दोलनमा आफ्नो जीवन बलिदान गर्नुहुने नेपालको पहिलो सहीद लखन थापा, यस प्रदेशको स्थापनार्थ भएको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने बीर शहिद हरि बहादुर कुँवर लगायत सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु ।
२. राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरु प्रति हार्दिक आभार सहित सम्मान प्रकट गर्न चाहान्छु ।
३. श्रद्धेय अग्रजहरु, विद्धान् वर्ग, न्याय प्रेमी जनसमुदायले आ-आफ्नो ठाउँबाट योगदान नगरेको भए आजहामी हाम्रो पातारासी गाउँपालिकामा यस हैसियतमा उपस्थित हुन सक्ने थिएनौं, तसर्थ उहाँहरु प्रति हार्दिक नमन गर्दछु ।
४. हामीले पातारासी गाउँपालिकाको समृद्धि र पातारासी गाउँपालिका बासीको हितको लागि सहमति र सहकार्यको माध्यमबाट एकाकार हुने संस्कृतिको अभ्यासलाई निरन्तरता दिइनेछ ।विगतका त्याग, बलिदान र असल अनुभवबाट मार्ग निर्देशित हुँदै पातारासी गाउँपालिकाको समृद्धिको मार्गचित्रको रूपमा स्वाभिमानी पातारासीबासी सामु यो नीति तथा कार्यक्रम प्रस्तुत गरीरहँदा यस गाउँपालिकालाई सु-संस्कृत र समृद्ध गाउँपालिकाको रूपमा रूपान्तरण गर्ने दायित्व बोध भइरहेको छ ।

५. **"कृषि, जडिवुटी र पर्यटन, पातारासीको पहिचान ! – महामारी, भोकमरी र बेरोजगारी हटाउने हाम्रो अभियान !!"**भन्ने नाराको समीक्षा गर्दै **"शिक्षा, स्वास्थ्य, विद्युत, सञ्चार र रोजगार, हाम्रो सरोकार ! – कृषि, जडिबुटी र पर्यटन समृद्ध पालिका निर्माणको मुल आधार !!"**को नारा अघि सार्दै पातारासी गाउँपालिकाको श्रमशील जनशक्तिलाई व्यवसाय मुखि उत्पादनमा लगाउन र सामाजिक रूपान्तरण सहित समृद्ध पातारासी निर्माण हाम्रो प्रमुख लक्ष्य रहेको कुरामा फेरी पनि जोड दिन चाहान्छु ।

६. हामी संघीय लोकतान्त्रिक गणतान्त्रमा आधारित विद्यमान शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि समृद्ध पातारासी, सुखी पातारासीबासीको दिर्घकालीन उद्देश्य अनुरूप समतामूलक समाज निर्माण गर्दै अघि बढिरहेको कुरा स्मरण गराउँदछु ।

अब म पातारासी गाउँपालिकाको विद्यमान अवस्थालाई बुँदागत रूपमा प्रस्तुत गर्दछु ।

- विकास र समृद्धिको अपार सम्भावना बोकेको साविकको चारवटा गा.वि.स. लाई समायोजन गरी हाल ७ वटा वडा सहितको प्रशासनिक विभाजन भएको गाउँपालिका आर्थिक, सांस्कृतिक,पर्यटकीय,पर्यावरणीय र भौगोलिक विविधताका साथै जल, जंगल तथा जडीबुटीको सम्भावित उत्पादन क्षमताको दृष्टिले उच्च सम्भावना युक्त स्थानमा रहेको छ ।
- मुलुकको करिब २१ प्रतिशत भुभाग ओगटेको सबैभन्दा ठूलो कर्णाली प्रदेशको ८१६ वर्ग कि. मि. क्षेत्रफल रहेको पातारासी गाउपालिका पछिल्लो जनगणना वर्ष २०७८ अनुसार १६८२४ जनसंख्या रहेकोछ ।
- साक्षरताको हिसाबले कर्णाली प्रदेश निकै पछाडी परेकोमा पातारासी गाउँपालिकाको औसत साक्षरता दर ७१ दशमलब ७६ प्रतिशत अत्यन्त न्यून रहेको छ ।
- हाम्रो पालिका भाषा संस्कृति र रहन सहनमा पृथक पहिचान बोकेको पालिका हो ।
- विद्युत उत्पादनको हिसाबले आत्मनिर्भर मात्र होइन निर्यातको अवस्थामा सम्म पुगेका छौं ।

**सम्मानित सभाका सदस्य ज्यूहरु**

अब म यस सम्मानित सभा समक्ष स्थानीय तहलाई प्रभावकारी रूपमा सञ्चालन र व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्देशित गरे बमोजिम पातारासी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम पेश गरेको छु।

**आर्थिक तथा पूर्वाधार क्षेत्रको स्रोत परिचालन सम्बन्धी नीति :**

- गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा पाइने वन पैदावर, जडिबुटी, ढुङ्गा, गिट्टी, बालुवाको प्रयोगलाई करको दायरामा ल्याउन प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन *(IEE/EIA)* प्रतिवेदन बमोजिम नियमानुसार ठेक्का प्रकृया अघी बढाईनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न खानी तथा खनिज पदार्थहरुको अध्ययन अनुसन्धान पहिचान र अन्वेषणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- आन्तरिक स्रोत वृद्धिका लागि करको दर र क्षेत्रमा पुनरावलोकन गरिनेछ ।
- कर राजश्व अशुली कार्यलाई अनलाइन प्रणालीमा आबद्ध गरिनेछ ।
- उज्यालो पातारासी अभियानलाई सार्थक तुल्याउन उत्पादन भएको जल विद्युतको खपत बृद्धी गर्न विशेष जोड दिइने छ र उक्त कार्यमा संघीय सरकार, कर्णाली प्रदेश सरकारको समेत सहयोग लिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र भौतिक तथा सामाजिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

**कृषि,उद्योग तथा सहकारी सम्बन्धी नीति:**

- दिगो,व्यावसायिक र प्रतिस्पर्धी कृषिको बिकास गरिनेछ ।
- पञ्चवर्षिय आवधिक जलवायु उत्थानशील कृषि विकास योजना(आ व ०८३।०८४-०८७।०८८) पारित गरी कार्यान्वयनमा लगिनेछ ।
- कृषि तथ्याङ्कको व्यवस्थित अभिलेखीकरण तथा व्यवस्थापन गर्न र कृषकहरूलाई प्रदान गरिने सेवा प्रवाहलाई आधुनिक, सहज तथा डिजिटल प्रविधिमैत्री बनाउन 'कृषि यन्त्रघर एप' सञ्चालन गरिनेछ।
- रैथाने बालि संरक्षण तथा प्रवर्धन गर्न पकेट क्षेत्र विस्तार गरिनेछ ।
- रैथाने वालीको उत्पादन र बजारीकरणलाइ प्रोत्साहन गरिनेछ ।
- उन्नत तथा गुणस्तरीय बिउबिजनको उपलब्धता सुनिश्चित गरिनेछ ।

- कृषि जैविक विविधता संरक्षण गर्न जैविक/ प्रांगारिक खेतीलाई प्राथमिकता दिदै कम्पोस्ट मल, गड्यौला मल, गोठेमल तथा जैविक बिषादी उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- वेमौसमी तरकारी खेतीलाई बिस्तार गरिनेछ ।
- हरित विद्यालय कार्यक्रम संचालन र कार्यन्वयन गरिनेछ ।
- स्याउ प्रशोधन तथा संकलन केन्द्र निर्माण तथा बिस्तार गरिनेछ ।
- शित भण्डारको व्यवस्था गरिनेछ ।
- बढ्दो परागसेचनका चुनौतीलाई मध्यनजर गर्दै मौरीपालन क्षेत्रलाइ विस्तार गरिनेछ।
- कृषि यान्त्रिकीकरण प्रवर्द्धन गर्न कृषि औजार तथा उपकरणमा अनुदान उपलब्ध गराइनेछ।
- चक्लाबन्दि खेतीलाई प्रोतसाहन गर्न वाली बिशेष पकेट स्थापन गर्दै जग्गा बाझो राख्न निरुत्साहित गरिनेछ ।
- कृषि उपजको बजारीकरण एवंम ढुवानीका लागि कृषि एम्बुलेन्स संचालन गरिनेछ।
- फलफूल उत्पादनलाई प्याकेजिंग, ब्रान्डिंग गरि बजारिकरणको व्यवस्था गरिनेछ ।
- युवा,गरिब,सिमान्तकृत बर्गका कृषकहरुलाइ कृषि पेशामा आकर्षित तथा आवद्ध गर्न सुरक्षण कर्जा कोषको व्यवस्था मिलाइनेछ ।
- पातारासीको पहिचानसहितको लोगो तथा ब्रान्डिङ्गयुक्त प्याकेजिङ्ग प्रणाली विकास गरी स्याउको मूल्य अभिवृद्धि र बजार प्रतिस्पर्धात्मकता बढाइनेछ।
- कृषि उपजको उत्पादन, संकलन,भण्डारण,प्रशोधन,मूल्य अभिवृद्धि र बजारिकरणका लागि सहकारी, संघीय, प्रदेश तथा विकास साझेदार संस्था तथा निजि क्षेत्रसंग साझेदारी गरिनेछ ।
- बिभिन्न कृषि उपजका लागि न्युनतम समर्थन मुल्य तोकिने अर्थात कायम गरिनेछ ।
- दिवा खाजा आपूर्तिमा संलग्न कृषक समुहहरुलाई क्षमता बिकास तालिम तथा कृषि उपज उत्पादनका लागि आवश्यक सहयोग उपलब्ध गरिनेछ।
- कृषिमा नविनतम प्रविधि पहुच र बिस्तार गरिनेछ ।
- कृषक क्षमता विकासका लागि तालिम तथा कृषक पाठशाला संचालन गरिनेछ ।
- कृषि उद्धमशिलाताका लागि युवा तथा महिलालाई विशेष प्राथमिकता दिइनेछ ।
- जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ ।

- कृषि पेशालाई सम्मानित र मर्यादित बनाउन उत्कृष्ट कृषकहरु लाई सम्मान तथा पुरस्कृत गरिनेछ ।
- विश्वकै सर्वाधिक उच्च स्थानमा धान फल्ने छुम ज्युलोको प्रवर्धनको लागि **<u>पातारासीको पहिचान, काली मार्सी धान</u>** भन्ने नारालाई मुलमन्त्रको रुपमा लिइ धान खेति प्रवर्धनको व्यवस्था मिलाईने छ र गुरुयोजना अनुसारको कार्य सम्पन्न गर्न पहल गरिनेछ ।
- कृषि व्यवसाय सञ्चालनका लागि सहुलियतपूर्ण अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।
- कृषि प्रसार सेवा,आकस्मिक वाली संरक्षण सेवा तथा बिभिन्न प्राविधिक सेवा बिस्तार गरिनेछ ।
- पातारासी गाउँपालिका अन्तर्गत कृषि सेवा सहज र पारदर्शी गर्न कृषि ऐन, कार्यबिधी ,निर्देशिका कार्यन्वयन गरिनेछ ।
- असल कृषि अभ्यास कार्यक्रम संचालन गरिने छ।
- कृषि समूह, सहकारी तथा कृषक संस्थाको सुदृढीकरण गरिनेछ ।
- सहकारीको व्यवसायिक र संस्थागत विकास गर्ने नीति लिइने छ । साथै अनलाइन प्रणालीमा आवद्ध गराइनेछ ।
- साना र सिमान्त कृषकलाई समूह सहकारीमा आवद्ध गराई वस्तु उत्पादन वृद्धि गर्ने कार्यक्रमलाई जोड दिइनेछ ।
- सहकारीता मार्फत उपभोक्ता पसल उत्पादन तथा बजारीकरणका लागि सहकारी संस्थाहरुको विकास, प्रवर्धनमा अनुदानको व्यवस्था मिलाइनेछ ।
- सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिबृद्धीका कार्यक्रम सञ्चालन गरिनेछ ।

**पशुपन्छी विकास सम्बन्धी नीति** :

**पशु स्वास्थ्य तथा उपचार सेवा**

- प्रत्येक वडामा नियमित पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- खोप, जुका औषधी तथा महामारी नियन्त्रण कार्यक्रम प्रभावकारी बनाइनेछ ।
- पशु रोगको शीघ्र पहिचानका लागि मोबाइल भेटेरिनरी सेवा सञ्चालन गरिनेछ ।
- महामारीजन्य रोग नियन्त्रणका लागि आकस्मिक प्रतिक्रिया टोली गठन गरिनेछ ।

- पशु औषधी तथा जैविक सुरक्षा सामग्रीको पर्याप्त व्यवस्थापन गरिनेछ ।

**व्यवसायिक पशुपालन प्रवर्द्धन**

- व्यवसायिक भेडा, च्याङ्ग्रा, चौरी तथा गाईपालन फार्मलाई प्रोत्साहन गरिनेछ ।
- युवा तथा महिलालाई लक्षित स्वरोजगारमुखी पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ ।
- उन्नत नश्ल सुधार कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- कृत्रिम गर्भाधान सेवा विस्तार गरिनेछ ।

**घाँस तथा आहारा विकास**

- बहुवर्षीय घाँस खेती विस्तार गरिनेछ ।
- साइलेज, हे तथा मिनरल ब्लक उत्पादन तालिम सञ्चालन गरिनेछ ।

**चौरी, भेडा तथा च्याङ्ग्रा संरक्षण कार्यक्रम**

- स्थानीय चौरी तथा भेडा/च्याङ्ग्रा जात संरक्षण कार्यक्रमका लागि संघ प्रदेशको सहयोगमा सञ्चालन गरिनेछ ।
- चरन क्षेत्रका विषालु वनस्पति नियन्त्रण तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- हिमाली क्षेत्रमा पशु बीमा कार्यक्रम विस्तार गरिनेछ ।
- गोठालाहरूलाई सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अभिमुखीकरण प्रदान गरिनेछ ।

**दुग्ध तथा मासु उत्पादन प्रवर्द्धन कार्यक्रम**

- स्थानीय दुग्धजन्य उत्पादन (चिज, घ्यू, छुर्पी आदि) प्रवर्द्धन गरिनेछ ।
- स्वच्छ मासु उत्पादन तथा वधशाला व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुजन्य उत्पादनको बजारीकरणमा सहकारीसँग समन्वय गरिनेछ ।

**सहकारी तथा समूह सशक्तीकरण**

- पशुपालक समूह तथा सहकारी संस्थालाई क्षमता विकास तालिम प्रदान गरिनेछ ।
- समूहमा आधारित उत्पादन तथा बजारीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलामैत्री तथा विपन्न लक्षित पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ ।
- उत्कृष्ट किसान तथा समूहलाई प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ ।

**पशुपन्छी बीमा तथा वित्तीय पहुँच**

- पशु बीमा कार्यक्रममा किसानको पहुँच विस्तारका लागि तालिम संचालन गरिनेछ ।

**कुखुरा तथा साना पशुपालन प्रवर्द्धन**

- स्थानीय कुखुरा, बाख्रा तथा बंगुरपालन कार्यक्रम विस्तार गरिनेछ ।
- विद्यालय तथा घरपरिवार स्तरमा पोषण सुधारका लागि साना पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ ।

**क्षमता विकास तथा तालिम**

- किसानलाई आधुनिक पशुपालन प्रविधि सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- पशु स्वास्थ्य कार्यकर्ता तथा प्राविधिकहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
- सफल नमुना फार्म अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

**अनुसन्धान, तथ्यांक तथा सूचना व्यवस्थापन**

- गाउँपालिकाभित्रको पशुधन तथ्यांक अद्यावधिक गरिनेछ ।
- डिजिटल पशु स्वास्थ्य अभिलेख प्रणाली विकास गरिनेछ ।
- स्थानीय जलवायु अनुकूल पशुपालन प्रविधिको अनुसन्धान तथा विस्तार गरिनेछ ।

**वातावरण तथा जलवायु अनुकूल कार्यक्रम**

- जलवायु परिवर्तन अनुकूल पशुपालन प्रणाली विकास गरिनेछ ।
- गोबर व्यवस्थापन तथा जैविक मल उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

**<u>पर्यटन विकास सम्बन्धी नीति:</u>**

- पर्यटन गुरुयोजना कार्यान्वयनमा ल्याउन यस गाउँपालिकाभित्रका धार्मिक एवं पर्यटकीय क्षेत्रको प्रबर्द्धन गरिनेछ ।
- ताल तलैया,देवस्थल, ऋणमोक्ष माई, पटमारा चुली, पेरे शंकर झरना ,गोठेला झरना, घारिखोला,कायामोक्ष धार्मिक स्थल र पातारासी हिमाल पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।
- पर्यटन पूर्वाधार विकास कार्यलाई अघि बढाउनका लागि सूचना केन्द्र, *Rafting* , पर्यटन पद मार्ग, तालतलैया संरक्षण कार्यलाई अघि बढाइनेछ ।ताल सूचिकरणको लागि पहल गरिनेछ ।
- प्रत्येक वडामा सम्भावना भएका गाउँमा केन्द्र रहने गरी पर्यटन प्रबर्द्धनका लागि होमस्टेको स्थापना गरि संचालन र प्रभावकारी व्यवस्थापन गर्न उत्प्रेरित गरिनेछ ।

- पातारासी हिमालको पर्वतारोहण *(Root Permit)* का लागि संघीय सरकारबाट स्विकृति ल्याई पर्वतारोहण कार्य सुरु गर्न पहल गरिनेछ ।
- पातारासी गाउँपालिकामा रहेका धार्मिक सांस्कृतिक एबं पर्यटकीय क्षेत्र हाइअल्टीच्युट ट्रेनिङ्ग सेन्टर,छुमज्युलो,खाली,नदै,शंकर झरना, धौलिदह, बालिगाडदेवस्थल लगायतका स्थलहरुको तस्वीर समेटेर पुस्तक तथा डकुमेन्ट्री तयारगरी प्रचार प्रसारमा जोड दिइनेछ ।
- स्थानीय तहको पर्यटन प्रबर्द्धन सम्बन्धी टेलिभिजन कमर्सियल विज्ञापन *T.V.l/A.P.S* निर्माण गरिनेछ ।
- गाउँपालिकामा सञ्चालनमा रहेका विभिन्न कृषि फर्म पशुपालन र एग्रो रिसोर्टहरु जस्ता आर्थिक गतिविधिलाइ पर्यटकीय गतिविधिसँग आवद्ध गरी आयआर्जन बृद्धि गरिनेछ ।
- पालिका स्तरीय गान अर्थात स्थानीय तहको आफ्नो आधिकारिक स्थानीय तहको सांस्कृतिक सभ्यता झल्काउने अफिसियल गान तथा भिडियो निर्माण गरिनेछ ।
- पर्यटनको आकर्षण बढी भएको पूर्बाधार विकास र सेवा सुविधाको पर्याप्तता देखिएको पर्यटक केन्द्रित क्षेत्रहरुलाइ पर्यटन केन्द्र *(Tourism Hub)*को रुपमा विकास गरिनेछ ।
- पातारासी गाउँपालिका भित्रका सम्पूर्ण पर्यटकीय क्षेत्रहरुको *GIS(Geographic information system)GES(Geography Environment and sustainability) and GPS (Global positioning System)* सहितको *Route Map* तयार गरिनेछ ।
- पातारासी गाउँपालिका भित्रका सम्पूर्ण पर्यटकीय क्षेत्रहरु हेर्न सकिने अनलाइन र अफलाइन दुबै किसिमको चल्ने पातारासी एप्स तयार गरिनेछ ।
- पातारासी पर्यटन विकास बोर्डको छुट्टै वेवसाइट निर्माण गरिनेछ ।
- परामर्शदाताको सहजिकरणमा पातारासी गाउँपालिका भित्रका सम्पूर्ण पर्यटकीय क्षेत्रहरुको *Short videos and high resolution photo* निर्माण गरिनेछ ।
- खाद्य सुरक्षामा आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्नुका साथै न्यानो एबं सभ्य अतिथि सत्कारका लागि होटल ब्यावसाय सञ्चालन गर्न युवाहरुलाइ प्रोत्साहन गरिने छ ।

**<u>बन बातावरण संरक्षण तथा विपद व्यवस्थापन सम्वन्धी नीतिः</u>**

- हरियो वन नेपालको धन भन्ने नारालाइ आत्मसाथ गर्दै एक नागरिक एक रुख रोप्ने कार्यक्रम सञ्चालन गरि वन क्षेत्रको संरक्षण गरिनेछ ।
- पहिरो तथा भूक्षय रोकथामका लागि बृक्षारोपण क्षेत्रको पहिचान गरी बृक्षारोपणमा जोड दिइनेछ ।
- वातावरण तथा जलवायु मैत्री पूर्वाधार विकासमा जोड दिइने छ, वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरि आर्थिक रूपले महत्वपूर्ण वनस्पति तथा जडिवुटीको प्रशोधन उद्योग स्थापना भएको हुँदा सञ्चालनमा ल्याउन पहल गरिने छ ।
- जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- दिगो विकासका लागि वन क्षेत्रको अधिकतम संरक्षणमा जोड दिइनेछ ।
- जैविक विविधता,जैविक श्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभको न्यायोचित वितरण सुनिश्चित गरिनेछ।
- जल तथा भूमिको संरक्षणका साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुऱ्याउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिने छ ।
- जलवायु परिवर्तनबाट पारिस्थितिकीय प्रणाली स्थानीय जनता र जिविकोपार्जनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्युनिकरण गर्न अनुकूलनका कार्यक्रम संचालन गरिने छ।
- ब्याबसायिक जडिबुटी खेति संरक्षण तथा प्रशोधन गर्न नीति लिइनेछ ।
- स्वच्छ तथा स्वस्थ वातारण र वन्यजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी ऐन कानून तथा नीति नियम बनाई कार्यक्रम तर्जुमा गरिनेछ ।
- बृक्षारोपण तथा हरियाली र हरित क्षेत्रको प्रवर्द्धन गरिने छ ।
- पानीका मुहान तथा नदीनालाहरुको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।
- सार्वजनिक उद्यान पार्कको निर्माणका लागि पहल गरिनेछ ।
- सार्वजनिक तथा सरकारी बनक्षेत्रमा ओखर लगायत आरु (गल्ले आरु)खेतिलाई वढवा दिईने छ ।
- सामुदायिक वन उपभोक्ता समितिलाई समन्वय तथा नियमन गरिनेछ।
- विपद व्यवस्थापन कोषको व्यवस्था गरी विपद प्रतिकार्य योजना बमोजिम विपद् व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ

- मनसुनको अवधिमा सडक अवरुद्ध हुन नदिन आवश्यक व्यवस्था मिलाइनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि साझेदार संस्थाहरुसँगको साझेदारीमा आवश्यक चेतानुमुलक कार्यक्रम सञ्चालन गरिनुका साथै डम्पिङ् साइडको निर्माणको लागि पहल गरिनेछ ।
- ढल व्यवस्थापनका लागि स्थानीय व्यक्तिहरुसँग समन्वय गरी आवश्यक कार्य गरिनेछ ।
- प्लाष्टिक तथा शिशाजन्य वस्तुको बैज्ञानिक व्यव्थापनका लागि आवश्यक पहल गरिनेछ ।
- सार्वजनिक शौचालयको सञ्चालनका लागि साझेदार संस्थाहरुसँग समन्वय गरी सञ्चालन गरिनेछ ।

**शिक्षा युवा तथा खेलकुद सम्वन्धी नीतिः**

- गाउँपालिकाको **एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली** (IEMIS) लाई तथ्यपरक, अद्यावधिक, विश्वसनीय तथा प्रमाणमा आधारित बनाइनेछ। शैक्षिक तथ्याङ्कको गुणस्तर अभिवृद्धि गर्दै योजना निर्माण, बजेट विनियोजन, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ को पूर्ण कार्यान्वयनका लागि २०८४ चैत्र मसान्तभित्र गाउँपालिका क्षेत्रभित्रका सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँचमा ल्याइनेछ। **विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान, भर्ना, पुनःभर्ना तथा निरन्तर सिकाइ सुनिश्चित गर्न विशेष अभियान सञ्चालन गरिनेछ।**
- विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलानलाई प्राथमिकताका साथ कार्यान्वयन गरी उपलब्ध शैक्षिक स्रोत तथा जनशक्तिको न्यायोचित र प्रभावकारी उपयोग सुनिश्चित गरिनेछ।
- विद्यालयको सुरक्षित, समावेशी, बालमैत्री तथा सिकाइमैत्री वातावरण निर्माणका लागि आवश्यकता आधारित विद्यालय भौतिक पूर्वाधार विकास योजना तयार गरी कक्षाकोठा, शौचालय, खानेपानी, पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला तथा खेलकुद पूर्वाधारको क्रमिक विकास गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका सिद्धान्तअनुसार विद्यालय भवन तथा शैक्षिक पूर्वाधार निर्माण, मर्मत तथा व्यवस्थापन कार्यलाई प्राथमिकता दिइनेछ।
- अपाङ्गता भएका बालबालिका, विपन्न, दलित, जनजाति, अल्पसंख्यक, सीमान्तकृत समुदाय तथा अन्य जोखिममा रहेका बालबालिकाको शिक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गर्दै समावेशी शिक्षा प्रवर्द्धन गरिनेछ।

- सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको समन्वयमा विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरी उनीहरुलाई औपचारिक शिक्षाको मुल प्रवाहमा समेट्न विभिन्न खालका कार्यक्रम सञ्चालनग गरिनेछ । विद्यालयहरुमा बालमैत्री तथा समावेशी पूर्वाधार निर्माण गर्न पहल गरिनेछ ।
- विशेष आवश्यकता भएका बालबालिकाका लागि आवश्यक सिकाइ सामग्री, सहायक उपकरण, पहुँचयुक्त भौतिक संरचना तथा आवश्यक सहयोगी सेवाको व्यवस्था गर्दै समावेशी सिकाइ वातावरण सुदृढ गरिनेछ।
- प्रारम्भिक बालविकास तथा शिक्षा (*ECED)* लाई विद्यालय शिक्षाको आधारस्तम्भका रूपमा विकास गर्दै बालविकास केन्द्रहरूको गुणस्तर सुधार, बसाइ तथा सिकाइ कुनाको व्यवस्थापन र शिक्षक क्षमता विकासमा जोड दिइनेछ।
- शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूको क्षमता विकास गर्दै विद्यालय सुशासन, नतिजामुखी व्यवस्थापन तथा जवाफदेहिता प्रणालीलाई सुदृढ गरिनेछ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्दै डिजिटल सिकाइ, प्रविधिमैत्री शिक्षण तथा डिजिटल शैक्षिक सामग्रीको उपयोगलाई प्रोत्साहन गरिनेछ। जसका लागि आधारभुत तह र माध्यमिक तहमा क्रमशः *ICT* का सामग्रीहरू प्रदान गरी प्रविधिमैत्री विद्यालय लागु गर्न पहल गरिने छ ।
- विद्यालयमा लैङ्गिक समानता, बालअधिकार, बालसुरक्षा, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्शसम्बन्धी कार्यक्रमलाई संस्थागत गरिनेछ।
- संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय, सहकार्य तथा साझेदारी कायम गर्दै विद्यालय शिक्षा क्षेत्र योजनाका लक्ष्य, सूचक तथा अपेक्षित नतिजा हासिल गर्न आवश्यक स्रोत तथा व्यवस्थापन सुनिश्चित गरिनेछ।
- शैक्षिक सुशासन, पारदर्शिता तथा सार्वजनिक उत्तरदायित्व अभिवृद्धिका लागि नियमित अनुगमन, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- बालिका शिक्षा, लैङ्गिक समानता तथा समावेशी शिक्षाको प्रवर्द्धनका लागि बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन, सुदृढीकरण तथा प्रभावकारी परिचालन गरिनेछ। सञ्जालमार्फत विद्यालय भर्ना, नियमितता, सिकाइ निरन्तरता, नेतृत्व विकास तथा विद्यालयबाहिर रहने जोखिममा रहेका बालबालिकाको पहिचान र सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।
- *BE, BSc Ag* प्राविधिक धारको सबै स्नातक तह वा सो सरह शिक्षा हासिल गरेका पातारासी स्थित सामुदायिक विद्यालयमा अध्ययन गरी उत्तिर्ण भएका विद्यार्थीहरुलाई विशेष छात्रवृतीको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

- शिक्षकहरुलाई प्रचलित ऐन, नियमावली तया कार्यविधिको परिधिभित्र रहि प्रतिकुल असर नपर्ने गरी पातारासी गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुबाट आवश्यकता अनुसार विभिन्न विद्यालयहरुमा दरवन्दी मिलान तथा प्र.अ. व्यवस्थापन गरिनेछ ।
- यस पातारासी गाउँपालिका अन्तर्गतका विद्यालयहरुलाई गाउँपालिका स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन गर्न गराउन प्राथमिकता तथा प्रोत्साहन दिईने छ ।
- शैक्षिक गुणस्तर विकासका लागि दिईदै आएको शैक्षिक अनुदान कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
- विद्यालयको समग्र शैक्षिक अवस्था विश्लेषण गर्न सूचक सहितको चौमासिक प्रतिवेदन गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नपर्ने ब्यवस्था गरिनेछ ।
- स्थानीय तहको कक्षा १ को पाठ्यक्रममा आधारित *TwoD/ThreeD/Animater Digital* पाठ्यक्रम सामग्री निर्माण तथा खरिद गरिनेछ ।
- प्रारम्भिक बालविकास कक्षामा अध्ययनरत शिक्षिकालाई (*ELDS)* को लागि तालिम दिने ब्यवस्था मिलाईने छ ।
- समग्र विद्यालयको गुणस्तर सुधारका लागि गाउँपालिका र प्रधानाध्यापक र विद्यालयको कार्यसम्पादनको मुल्याङ्कन गरिनेछ । साथै प्रधानाध्यापक र विद्यालयका विषयगत शिक्षकसँग समेत कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाईनेछ ।
- कक्षा ५ र ८ को परीक्षालाई पालिका स्तरीय रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउँदै ५ र ८ का परीक्षामा उत्कृष्ट अङ्क ल्याउने छात्र छात्राहरुलाई पुरस्कारको व्यवस्था मिलाईनेछ ।
- पातारासी गाउँपालिकाभित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा संचालन भईरहेको विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उपजमा आधारित (*Home Grown School Feeding Approach)* बनाई थप प्रभावकारी बनाइनेछ ।
- स्थानीय कृषि उपजमा आधारित दिवा खाजाका लागि तोकिएको मेनु अनुसार आवश्यक उपजहरू स्थानीय सहकारी संस्था तथा कृषक समूहहरू मार्फत आपूर्ती गर्ने प्रणाली (*HGSF Supply Chain)* स्थापना गरिनेछ । यस आपूर्ती प्रणालीमार्फत विद्यालय र स्थानीय कृषकबीच प्रत्यक्ष सम्बन्ध स्थापित गरिनेछ ।
- विद्यालय परिसरमा अल्पपोषक खाना (*Junk Food)* को प्रयोग, बिक्री तथा वितरण कार्य पूर्ण रूपमा निषेध गरिनेछ । अनुगमनको क्रममा त्यस्ता अल्पपोषक खानाहरू दिवा खाजाको रूपमा प्रयोग भएको पाइएमा सो दिनको दिवा खाजा रकम कट्टा गरिनेछ ।
- स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापनका लागि विभिन्न संघ संस्था तथा विकास साझेदार निकायहरूसँग सहकार्य र साझेदारी गरिनेछ ।

- हरित विद्यालयको अवधारणालाई कार्यान्वयन गर्दै विद्यालय स्तरीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छतालाई प्रबर्धन गर्ने निति अवलम्बन गरिनेछ ।
- विद्यालयको स्वच्छता कायम गर्न स्वास्थ्य बिषयका बिषय शिक्षक र दिवा खाजा तयारीमा संलग्न कर्मचारीलाई सरसफाई र स्वच्छता सम्बन्धि क्षमता अभिवृद्दिका कार्यक्रम सञ्चालन गरिनेछ ।

**विज्ञान तथा सूचना प्रविधि सम्वन्धी नीतिः**

- गाउँपालिकाको संचालनमा रहेको वेवसाइटलाई अध्यावधिक गरी प्रत्येक वडाहरुमा समेत इन्टरनेट सेवा संचालनमा ल्याइएको र यसको गुणस्तरमा वृद्धि गर्दै लगिनेछ।
- विकास निर्माणका सम्पूर्ण गतिविधिहरुलाई रेडियो तथा पत्रपत्रिका मार्फत व्यापक प्रचार प्रसार एवं जानकारी गराइनेछ ।
- टेलीभिजन, टेलीफोन तथा इन्टरनेट सेवाको पहुँच र गुणस्तर अभिवृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नेपाल टेलिकम तथा अन्य इन्टरनेट सेवा प्रदायक कम्पनीहरु र टेलीभिजन लगायतका संचारमाध्ययम हरुसँग विशेष पहल गरिने छ
- अभिलेख व्यवस्थापनतर्फ नविनतम प्रविधिको प्रयोग गरिनेछ ।
- सरकारी तथा गैर सरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अधिलेख केन्द्रलाई सुदृढीकरण गरिने छ ।
- विभिन्न सफ्टवेयरहरु जस्तैः नगदि तथा व्यावसाय कर व्यवस्थापन प्रर्णाली, कर्मचारी व्यवस्थापन प्रणाली, विद्युतीय हाँजिरी, जिन्सी व्यवस्थापन प्रर्णाली, दर्ताचलानी ई-कार्यपालिका, योजना व्यवस्थापन प्रर्णाली जस्ता विद्युतीय *Software* हरुलाई आगामी दिनहरुमा क्रमशः निर्माण गरी प्रयोगमा ल्याईनेछ ।
- आगामी दिनहरुमा क्रमशः यस पालिकालाई *e-Governance* को रुपमा विकसित गरि पूर्ण *Paper Less* बनाउन आवश्यक प्रक्रिया अघिबढाइनेछ ।

**स्वास्थ्य तथा जन संख्या सम्वन्धी नीतिः**

- निशुल्क स्वास्थ्य शिविर कार्यक्रमको व्यवस्था गरिनेछ ।

- जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभूत गर्न यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र परिचालन का साथै सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- यस पातारासी गाउँपालिकामा रहेका महिला स्वास्थ्य स्वयंमसेविका तथा स्वास्थ्यकर्मीहरुको क्षमता विकास सम्बन्धी आवश्यक तालिमको प्रवन्ध मिलाइनेछ ।
- स्वास्थ्य क्षेत्रमा लगानी गर्न चाहने नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य चौकीहरुको व्यस्थापन तथा उक्त वडाहरुमा स्वास्थ्य चौकी निर्माणका लागी पहल गर्ने र आवश्यक क्षेत्रमा गाउँघर क्लिनिक र खोप क्लिनिक स्थापना गरिनेछ । सम्पूर्ण स्वास्थ्य चौकीहरुमा प्रसुति सेवालाइ गुणस्तरीय सेवा विस्तार गरिनेछ ।
- यस गाउँपिकामा रहेका प्रसुति गृह हरुमा जन्मिएका बालबालिकाहरुलाई प्रोत्साहन स्वरुप प्रदान गर्दै आएको बाल अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- मातृ शिशु मृत्युदर घटाउन स्वास्थ्य संस्थामा प्रसुती गराउन जाँदा र आउँदाको दुईतर्फि निशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिइएको छ ।
- आवश्यक औषधि र स्वास्थ्य सामाग्रीको व्यवस्थापन गरिने छ ।
- १५ सैयाको अस्पताल निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- जेष्ट नागरिक अपाङ्ग तथा असक्त र विपन्न नागरिकहरुको घरघरमा स्वासथ्य परीक्षको ब्यवस्था मिलाइनेछ ।
- आमासँग स्वासथ्य कार्यक्रम अन्गर्त मातृशिशु सेवा सरसफाइ तथा पोषण कार्यक्रमलाइ एकिकृत गरी प्रभावकारी बनाउन ***मेरी आमा स्वास्थ्य आमा*** कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिका भित्रका आर्थिक रुपले विपन्न असहाय जेष्ठ नागरिकहरुलाइ निशुल्क एमबुलेन्स सेवाको ब्यवस्था मिलाइनेछ ।
- विद्यालयका बालबालिकाको स्वास्थ्य स्थितिलाइ मध्यनजर गर्दै दिवा खाजाको रुपमा रैथाने बालिका परिकारलाइ बढी प्राथमिकता दिने निति लिइनेछ ।
- सामुदायिक स्वासथ्य प्रबर्द्धन तथा प्रजनन स्वासथ्य कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यालय नर्स कार्यक्र सञ्चालन गरिनेछ ।
- घरमा शून्य प्रसुती तथा गर्भवती र सुत्केरी जाँचको लागि सामुदायिक नर्स कार्यक्रम सञ्चालन गरिनेछ ।
- भिटामिन ए र जुकाको औषधि वितरण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- विद्यालयका किशोरीहरुका लागि आइरन चक्की वितरण गर्ने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

- स्वास्थ्य चौकीहरुमा सञ्चालित प्रयोगशाला सेवा तथा एक्स रे सेवा लाई गुणस्तीय बनाउन पहल गरिनेछ ।
- सव वाहनको व्यवस्था गरिने नीति लिइनेछ ।
- औषधि पसललाई नीतिगत रुपमा सञ्चालन गर्नलाई पहल गरिनेछ ।
- पोषण पुनर्स्थापना केन्द्र सञ्चालनको नीति लिइनेछ ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमको प्रखर्द्धन गरिनेछ ।
- सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाको प्रोत्साहना लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस पालिकाको वडा नं १, २, ३, ४ लाइ सरसफाइ अभियान कार्यक्रममा जोडिनेछ ।
- विद्यालय दिवाखाजाको महत्व,सरसफाई,प्रयोग र सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**<u>महिला बालबालिका तथा सामाजिक समावेसीकरण सम्बन्धी नीतिः</u>**

- 
- घरायासी स्याहार सुसार *Care work* गर्ने महिलाहरुको उत्थानका लागि घरायासी स्याहार सुसारमुलक कामको अर्थतन्त्र *(Care economy)* सम्बन्धी कार्यक्रमलाई सवै वडामा विस्तार गरि आवश्यक कार्यक्रम संचालन गरिने छ
- महिलाको आर्थिक आत्मनिर्भरता र उद्यमशीलता विकास गर्न उद्यमी महिलारुको तथ्यांक संकलन उद्यमशिलता बृद्धिका तालिम संचालन गरि वजारीकरणमा सहयोग गरिने छ।
- 
- बालमैत्री स्थानीय शासन लागु प्रबर्धनका लागि सबै वडाको स्थिति तथा अवस्था विश्लेषण पत्र तयार गरि बालबालिकाको लगानी योजना निमार्ण गरि सोहि वमोजिमका कार्यक्रमहरु संचालन गरिने छ
- 
- बालमैत्री स्थानीय शासन घोषणा गरिएका वडा ,बालववाह मुक्त वडा घोषणा भएको वडा र मर्यादित महिनावारी वडा घोषणा भएका वडाहरुमा दिगोपनाको लागि कार्यक्रमहरु संचालन गरिने छ ।
- महिला, अपांगता भएका व्यक्ति र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको अवस्थाविश्लेषण गरि सोही बमोजिमका कार्यक्रमहरु संचालन गर्न तथ्यांक संकलन गरिने छ ।

- बालबालिकाको सर्वाङ्गिर्ण हित सुनिश्चत गर्न सामुदायिक विद्यालयमा उपलब्ध गराईने विद्यालय दिवा खाजालाई विद्यार्थीहरुको अधिकारको रुपमा स्थपित गर्न विद्यालय स्तरीय बाल सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- लैङ्गिक समानता,महिला सशक्तिकरण,लैंगिक मूल प्रवाहिकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई विषेश प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- बालमैत्री, छुवाछुत मुक्त,बाल विवाह मुक्त स्थानीय सरकार घोषणाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैर सरकारी र नीजि क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ ।
- लक्षित वर्गको क्षमता विकासका लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ।
- आपत्कालिन महिला बालबालिका उद्धारकोषको स्थापना गरिनेछ र आपत्कालिन आश्रय सहितको महिला सेवा केन्द्र सञ्चालनमा ल्याईनेछ ।
- महिला तथा बालबालिका माथि हुने विभिन्न प्रकारको घरेलु हिंसाको न्युनिकरण गर्दै बाल श्रम शोषण र बाल विवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ । र विद्यालय स्तरमा चेतनामुलक कार्यक्रम प्रभावकारी बनाइनुका साथै धामीझाक्री लाई समेत वालिविवाह सम्बन्धी अनुशिक्षण दिने व्यवस्था मिलाइनेछ ।
- महिला तथा बालबालिकाहरुको लागि आर्थिक तथा सामाजिक लगायत अन्य शसक्तिकरण र क्षमता विकास सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।
- सार्वजनिक संरचनाहरु पूर्ण अपाङ्ग मैत्री बनाईने नीति लिइने छ ।
- महिला बालबालिका तथा अपाङ्गहरुका लागि गाउँपालिकामा सहायता कक्ष स्थापना गरिनेछ ।
- जेष्ठ नागरिक सम्मान कार्यलाई निरन्तरता दिदै जेष्ठ नागरिकका सुरक्षा तथा जीवनस्तर सुधार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकको अनुभव तथा ज्ञान र सीपलाई उपयोग गर्ने नीति अवलम्बन् गरिनेछ ।

- बालबालिकाको सर्बाङ्गिनहित सुनिश्चित गर्न सामुदायिक विद्यालयमा उपलब्ध गराइने विद्यालय दिवाखाजालाई विद्यार्थीहरुको अधिकारका रुपमा स्थापित गर्न विद्यालय स्तरीय बाल सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**<u>रोजगार सीप तथा उद्धमशीलता केन्द्र सम्वन्धी नीतिः</u>**

- उत्पादन र उद्मशीलता मार्फत रोजगारी सिर्जना तथा न्युनतम रोजगारी प्रत्यभुति, सीप विकास,उद्यमशीलता प्रबर्द्धन र पुन एकिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- युवा रोजगार कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।
- रोजगार र स्वरोजगार कार्यक्रमलाई प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ ।
- स्थानीय स्तरको रोजगार रणनिति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- रोजगार स्थल सुरक्षा सामाग्रीको ब्यवस्था मिलाइनेछ ।
- बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवाहरुका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाइ थप प्रभावकारी तुल्याउन आवश्यक साझेदारी रकमको ब्यवस्था मिलाइनेछ ।

**<u>सरकारी तथा गैर सरकारी संघ संस्था सम्बन्धी नीतिः</u>**

- यस गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैरसरकारी संघ संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, असर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ।
- गाउँकार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँ कार्यपालिकाको कार्यालयमा एक गैर सरकारी संघसंस्था अनुगमन इकाइ गठन गरी अनुगमन कार्यलाइ प्रभावकारी बनाइनेछ ।
- पातारासी गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**<u>पूर्वाधार क्षेत्र सम्बन्धी निति :</u>**

- ✍ सडक गुरू योजना कार्यान्वयनमा ल्याईनेछ ।
- ✍ सडकको आकृति विग्रने गरी मावन निर्मित समस्या खडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गरिनेछ साथै नक्सापास गर्ने कार्यको थालनी गरिने छ ।
- ✍ वडास्तरका सडक तथा गोरेटो बाटाहरुलाई सम्भाव्यता अध्ययनपछि मात्र योजना छनौट गरी बजेट विनियोजन गरिनेछ।
- ✍ शुद्ध खानेपानी व्यवस्थापनकालागि सहिमुल छनौट गरी बृहत खानेपानी परियोजना आवश्यकता अनुसार लागु गरिनेछ ।
- ✍ गाउँपालिकालाई पूर्णसरसफाई गाउँपालिका घोषणा गर्नको लागि आवश्यक सुचकांक अध्ययन गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।
- ✍ गाउँपालिका भरिका अतिरिक्त जग्गाहरु पूर्ण गाउँपालिकाको मातहतमाल्याई उपयोग नभएका सार्वजनिक जग्गाहरुको सम्भाव्यता अध्ययन गरी सोही अनुरुप योजना छनौट गरी आय आर्जनमा टेवा पुरयाउने नीति अवलम्बन गरिनेछ ।
- ✍ मान्धारा,न्यौरिघाट लगायतका जग्गा नापि हुन छुट भएका जग्गाहरुको पहिचान गरि जग्गा नापी व्यवस्थित गर्न पहल गरिनेछ ।
- ✍ पातारासी गाउँपालिकामा रहेका ग्रामीण सडक सञ्जाल, पुल पुलेसामा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकलन गरी कित्ताकाट गराउने निति तर्जूमा र कार्यान्वयन गरिनेछ ।
- ✍ पूर्वाधार सम्बन्धि विकास निर्माण कार्यमा जनताको अपनत्व बृद्धी गर्न जन सहभागिता जुटाउने गरि योजना सञ्चालन गरिनेछ ।
- ✍ ठूला आयोजनाहरु गाउँपालिकाको स्रोतबाट सम्पन्न गर्न नसिकने भएको हुँदा संघीय सरकार तथा कर्णाली प्रदेश सरकारबाट मध्यमकालिन योजनाको रूपमा सञ्चालन गर्न पहल गरिनेछ ।
- ✍ कार्यालय सञ्चालनका लागि आफ्नै भवन नभएका विभिन्न वडाहरुको भवन निर्माण कार्यलाइ अगाडी बढाइनेछ ।

## विद्युत तथा उर्जा सम्बन्धी नीतिः

- उज्यालो पातारसी कार्यक्रम घोषणा गरिनेछ ।
- पालिकामात्र नभएर जिल्लाकै गौरबको चुकेनी जलविद्युत आयोजना सम्पन्न भइ हाल विद्युत उत्पादन भइरहेको र उत्पादित बिद्युत खपत तर्फ आवश्यक समन्वय तथा पहल गरिनेछ ।
- ठूलो जलविद्युत आयोजना कार्यान्वयनमा आउनु अगाडि साना जलविद्युत आयोजनाहरुलाई मर्मत संभार गरी सहज विद्युत आपूर्ति गरिनेछ ।
- विद्युत खपतको लागि विभिन्न साना तथा घरेलु उद्योग स्थापना लगायत विद्युतिय उपकरणको प्रयोगमा प्रोत्साहन गरिनेछ ।
- वैकल्पिक उर्जा कार्यक्रमलाई लक्षित क्षेत्र र वर्ग सम्म पुऱ्याईनेछ ।

## सुशासन र सेवा प्रवाह सम्बन्धी नीतिः

- गाउँपालिका स्थित सार्वजनिक निकायबाट सम्पादन हुने सेवा प्रवाह तथा कामकारवाहीको उचित मूल्याङ्कन गरी पुरस्कार र दण्ड *(Reward and punishment )* को व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा वित्तीय अनुशासन, पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धन गर्न र महालेखा परीक्षकको प्रतिवेदन अनुसार देखिएका बेरुजुहरुलाई समयमै फर्स्योट गरी वित्तीय व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षलाई "बेरुजु फर्स्योट तथा वित्तीय सुशासन सुदृढीकरण वर्ष"का रुपमा कार्यान्वयन गरिनेछ।
- नेपाल सरकारले तीन तहकै सङ्गठन तथा व्यवस्थापन *(O&M Survey)* सर्भेक्षण मापदण्ड जारी गरिसकेको सन्दर्भमा उक्त मापदण्ड बमोजिम सङ्गठन तथा व्यवस्थापन *(O&M Survey)* सर्भेक्षण सम्पन्न गरिनेछ।
- गाउँपालिकाले हालसम्म जारी गरेका कानुनहरु (राजपत्रमा प्रकाशन गर्नुपर्ने भनि तोकिएका कानुनी दस्तावेजहरु जस्तैऐन, नियमावली, कार्यविधि, निर्देशिका, नीति, मापदण्ड तथा सूचना) लाई अद्यावधिक गरी प्रदेश तहमा रहने कानुन अभिलेखिकरण प्रणालीमा प्रविष्टि गरिनेछ।
- एकिकृत घुम्ती सेवा शिविर सञ्चालन गरिनेछ ।
- सार्वजनिक सुनुवाई तथा समिक्षा कार्यक्रम निर्धारित समयमा सम्पन्न गरिनेछ ।
- सुशासन कायम गर्न इ गभर्नेन्स लागु गरिनेछ ।

सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाको वार्षिक नीति तथा कार्यक्रम नीतिः

- "समयमै घटना दर्ता गरौं, सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गरौं।" भन्ने नारालाई आत्मसाथ गर्दै सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप व्यवस्थित, पारदर्शी, प्रविधिमैत्री र लाभग्राहीमैत्री बनाइनेछ।
- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइँसराइ लगायतका व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत बनाउने नीति अवलम्बन गरिनेछ।
- दुर्गम बस्ती तथा सेवा पहुँचबाट टाढा रहेका नागरिकलाई लक्षित गरी घुम्ती सेवा तथा पञ्जीकरण शिविर सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिलेखलाई पूर्ण रूपमा डिजिटल प्रणालीमा अद्यावधिक गरी तथ्याङ्क व्यवस्थापनलाई सुदृढ गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नियमित अनुगमन तथा अभिलेख अद्यावधिक कार्यक्रम सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित तथा विपन्न नागरिकलाई सहज र सम्मानजनक सेवा प्रवाह गरिनेछ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षा कार्यक्रम
- सामाजिक सुरक्षा लाभग्राहीको वार्षिक विवरण अद्यावधिक गर्ने।
- बैंकमार्फत भत्ता वितरणलाई थप प्रभावकारी बनाउने।
- मृतक, दोहोरो सुविधा लिने तथा अयोग्य लाभग्राहीको अभिलेख अद्यावधिक गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणको नियमित अनुगमन गर्ने।
- व्यक्तिगत घटना दर्ता कार्यक्रम
- "सबै बालबालिकाको जन्मदर्ता, सबै नागरिकको अधिकार" अभियान सञ्चालन गर्ने।
- विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयसँग समन्वय गरी जन्मदर्ता दर वृद्धि गर्ने।
- ढिलो दर्ता भएका घटनाहरूको लगत संकलन तथा अभिलेखीकरण गर्ने।
- घटना दर्ता सम्बन्धी घुम्ती शिविर सञ्चालन गर्ने।

✍ ३. क्षमता विकास कार्यक्रम

✍ वडा सचिव, वडा कर्मचारी तथा पञ्जीकाधिकारीलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

✍ *VERSP-MIS* प्रणाली सम्बन्धी तालिम तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्ने।

**<u>क्षमता विकास सम्बन्धी नीतिः</u>**

✍ गाउँपालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि गर्न कर प्रणाली *(Tax System)* लाई फराकिलो तथा प्रभावकारी गरिनेछ ।

✍ विद्युतीय शासनप्रणाली*(E- governance System)* मार्फत पातारासी गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी काम कारवाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

✍ पातारासी गाउँपालिकाद्वारा पारित भैसकेका ऐन, नियम तथा पार्श्वचित्र *(Profile)* आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्नुका साथै कार्य सञ्चालनका लागि आवश्यक पर्ने नियमावली,मापदण्ड र कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ ।

अन्त्यमा पातारासीको विकासमा योगदान गर्ने सरोकारवाला सम्पूर्ण राजनीतिक दल, राष्ट्रसेवक श्रमिक, निजि सहकारी र सामुदायिक क्षेत्र, दातृनिकाय, नागरिक समाज, संचार जगत लगायत सम्पूर्ण दिदी बहिनी तथा दाजु भाई लाई धन्यवाद ज्ञापन गर्दछु । पातारासीको अविछिन्न विकासमा सदैव सहकार्य,समन्वय र सहयोग गर्ने नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारलाई बिशेष धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद***!!!*

पूर्णसिंग बोहोरा
गाउँपालिका अध्यक्ष